# विश्वास र चङ्गाई

फ्राङ्कक्लिनका नोटहरु

I. रोगहरुका कारणहरु

II. मत्तीद्वारा अभिलेख राखिएका येशू ख्रीष्टका चङ्गाँईको सेवकाई ।

III. डा. लुकको अबलोकन

IV. विश्वासको व्याख्या

V. विश्वासको महत्व

VI. विरामी लाजरसबाटको शिक्षा

VII. विश्वासको नायकहरु

VIII. विश्वासका परिक्षाहरु

# विश्वास र चङ्गाँई

फ्राङ्कक्लिनका नोटहरु

I. रोगका कारणहरु :

1. **प्राकृतिक कारण** : हामी गिरेको संसारमा बस्दछौँ, जहाँ हानिकारक जीवाणु र किटाणु रहन्छन् । परमेश्वरले हामीलाई प्रतिरक्षा प्रणाली दिनुभयो जसले प्राकृतिक रुपमा यी कुराहरुसँग लड्दँछ । हाम्रो प्रतिरक्षात्मक प्रणाली कमजोर हुनसक्छ, जसले गर्दा रोगहरु आउँदछ । परमेश्वरले उहाँको दया र असलपनाको कारण हामीलाई प्रतिकारक ओखति, खोप, इत्यादि पनि दिनुभएको छ ।

   व्यक्तिगत रुपमा, जब म केही अवस्थाहरुमा हुन्छु जहाँ संक्रामक रोगहरु वा खाना र पानीको सरसफाईको मेरो केही नियन्त्रण हुँदैन, म मेरो विश्वासलाई परमेश्वरको वचनमा राख्दछु रदावी गर्दछु : "कुनै विषलु कुरा पिए तापनि कुनै किसिमले त्यसले तिनीहरुलाई हानी गर्नेछैन ।" (मर्कूस १६:१८) मिसन यात्रामा हामी प्रार्थना गर्दछौँ,"खाना र पानीमा भएका हानिकारक जीवाणुलाई, म येशूको नाउँमा मर्न भन्दछु ।" र चौँध वर्ष हामीले स्वस्थ शरीरमा रमायौँ ।

2. **पापले** ढोकाहरु खोल्दँछ, जसले गर्दा शैतानले हामीलाई आक्रमण गर्न कानूनी अधिकार पाउादछ । लूका १३:१०-१३ त्यहाँ एउटी स्त्री थिई, जसलाई अठार वर्षदेखि **दुर्बल पार्ने दुष्टात्मा** लागेको थियो । त्यो कुप्री परेकी थिई, र आफै पूर्ण रुपले सीधा हुनसक्दिनथिई । (१२) येशूले त्यसलाई भन्नुभयो, र बोलाएर भन्नुभयो "ए नारी, तिमी आफ्नो दुर्बलताबाट मुक्त भयौ ।" (१३) तब उहाँले त्यसमाथि आफ्ना हात राख्नुभयो, र त्यो तुरुन्तै सीधा भई र परमेश्वरको प्रशंसा गर्न लागी ।

   - प्रष्टरुपमा संकेत गर्दछ कि केही दुर्बलताहरु नराम्रो आत्माहरुले गर्दा हुदँछ ।
   - याद गर्नुहोस् येशूले नराम्रा आत्मा निकाल्नु भएन तर दावी गर्नुभयो कि उनी स्वतन्त्र भईन ।

   यूहन्ना ५:१४ बेथसदामा गरिएका चङ्गाँई : त्यसपछि येशूले त्यसलाई मन्दिरमा भेट्टाएर भन्नुभयो, "हेर, तिमी निको भएका छौ । फेरि पाप नगर, **र तिमीमाथि अझ बढ़ी खराबी आई नपरोस् ।**"

   - ती मानिस ३८ वर्षदेखि विमारी थिए ।
   - पापको कारणले नै खराब हुन सक्नेमा केन्द्रित गरिएको छ ।

रोमी १:२४ यसकारण परमेश्वरले तिनीहरुलाई तिनीहरुका हृदयका कामवासनाको अशुद्धतामा छोडिदिनुभयो, कि तिनीहरुले आपसमा आफ्ना शरीरको अनादर गरुन् । (२७) **आफ्नै शरीरमा आफ्ना कसूरको उचित दण्ड भोगे** ।

- सायद यसले एडस् र अन्य शाररीक सम्पर्कबाट सर्ने रोगहरुलाई बताईरहेको छ ।

हितोपदेश ३:७-८ परमप्रभुको भय मान् र दुष्कर्मलाई त्याग् । यसले तेरो शरीरलाई स्वस्थ तुल्याउनेछ र तेरो हड्डीको लागि **पोषण** दिनेछ ।

3. **अस्वस्थ जीवन शैली**

गलाती ६:७-८ धोकामा नपर, परमेश्वरको ठट्टा हुँदैन, किनभने मानिसले जे रोप्दछ त्यसैको कटनी पनि गर्नेछ । (८) जसले **आफ्नो पापमय स्वभावको निम्ति रोप्तछ,** त्यसले आफ्नो पापमय स्वभावबाट नै **सर्वनाशको कटनी** गर्दछ । तर जसले आत्माको निम्ति रोप्दछ, त्यसले आत्माबाट नै अनन्त जीवनको कटनी गर्नेछ ।

- कम व्यायाम् र अस्वस्थ खान्कीले : फ्याट, सुगर, कार्बोहाईढ्रेट इत्यादीको अत्याधिक मात्रा बढाउँछ परिणाम स्वरुप मधुमेह, उच्च रक्तचाप, मुटुको समस्या र अन्य धेरै रोगहरु निमत्याउँछ ।
- घर वरपर र कृषि खेतीमा अत्याधिक मात्रामा किटनाशक, विषाक्त रासायनिकको प्रयोगले जो अन्त्यमा हाम्रो खोला, ईनार र पिउने पानीका स्रोतमा गएर मिसिन्छ । यस्ता विषालु रासायनिकले नशा, रक्त कोशिका, हाम्रो डिएनए मा क्षति पुऱ्याउँदछ जो हामीबाट हाम्रो बच्चाहरुमा पनि जाँदछ ।

4. **क्षमा नदिने, घृणा, रीस, अप्रसन्नता**

हिब्रु १२:१५ ध्यान देओ, कि कुनै मानिस **परमेश्वरको अनुग्रह प्राप्त गर्नदेखि वञ्चित नहोस्,** ताकि **तीतोपनको जरो उम्रेर आईकन त्यसले फूट नल्याओस्, र धेरै जनालाई अशुद्ध नपारोस्** ।

मत्ती १८:३२-३५ तब मालिकले त्यस नोकरलाई आफूकहाँ बोलाएर भने,'ए दुष्ट नोकर, तैंले मसँग बिन्ती गरिस्, र **मैंले तँलाई** तेरो ऋण **माफी गरिदिएँ** । (३३) मैंले तँमाथि दया गरेझैं तैंले तेरो सङ्गी-नोकरमाथि दया गर्नुपर्ने थिएन ?' (३४) तब त्यसका मालिकले क्रुद्ध भएर त्यसलाई सबै ऋण नतिरुञ्जेल **दण्ड दिनेहरुको हातमा सुम्पिदिए** । (३५) "तिमीहरुले आफ्नो भाइलाई आफ्नो हृदयदेखि क्षमा गरेनौ भने, स्वर्गमा हुनुहुने मेरा पिताले पनि तिमीहरुसँग त्यसै गर्नुहुनेछ ।"

5. **करारको अनादर**

१ कोरन्थी ११:२७-३२ यसकारण जसले अयोग्य रीतिले प्रभुको रोटी खान्छ, कि प्रभुको कचौराबाट पिउँछ, त्यो मानिस प्रभुको शरीर र रगतलाई अपवित्र तुल्याएकोमा दोषी ठहरिनेछ । (२८) हरेक मानिसले आफूलाई जाँचोस्, अनि मात्र त्यसले रोटी खाओस्, र कचौराबाट पिओस् । (२९) किनकि प्रभुको शरीरलाई नचिनिकन जसले खान्छ र पिउँछ त्यसले त्यो खाएकोमा र पिएको कारणले आफूमाथि **दण्ड** ल्याउनेछ । (३०) यसैकारण तिमीहरुमध्य धेरै जना **दुर्बल** र **रोगी** छौ, र कति जनाचाहिँ **सुतिसकेका छन्** । (३१) तर हामी साँच्चै आफैले आफैलाई जाँचेका छौं भने हामी न्यायमा पर्नेछैनौं । (३२) तर जब प्रभुले हाम्रो न्याय गर्नुहुन्छ, तब हामीलाई अनुशासन गर्नुहुन्छ, ताकि संसारसँग हामी दोषी नठहरिऔं ।

II. मत्तीद्वारा अभिलेख राखिएका येशु ख्रीष्टका चगाँईका सेवकाईहरु :

मत्ती ६:३० आज हुने र भोलि आगोमा फालिने घाँसलाई परमेश्वरले यसरी पहिराउनुहुन्छ भने, ए **अल्पविश्वासी हो**, के तिमीहरुलाई झन् बढ़ी उहाँले पहिराउनुहुनेछैन र?

- हामी सबैले असलपूर्वक पहिराईएका छौं । हामी सबैसँग "कम विश्वास" छ ।

---

मत्ती ८:२-४ एक जना कुष्ठरोगी उहाँकहाँ आयो, र उहाँको अगि घुँड़ा टेकी यसो भन्यो,"हे प्रभु, **तपाईको इच्छा भए मलाई निको पार्न सक्नुहुन्छ** ।"

- यहाँ उत्तम् प्रश्न गरिएको छ : "यदि येशु चाहनुहुन्छ भने ?"
- र यहाँ उहाँको उत्तर छ :

(३) उहाँले आफ्नो हात पसारेर त्यसलाई छुनुभयो र भन्नुभयो," **म इच्छा गर्छु,** तिमी निको भइजाऊ ।" तुरुन्तै त्यसको कुष्ठरोग निको भयो ।

उहाँ 'इच्छा गर्नुहुन्छ' भनेर पुरै बाइबलमा दर्शाईएको छ :

प्रस्थान १२:१३ तिमीहरु बसेका घरहरुमा त्यो **रगत** तिमीहरुका निम्ति चिन्ह हुनेछ । जब म त्यो **रगत** देख्नेछु तब तिमीहरुलाई चाहिँ छोड़िदिनेछु, र मैले मिश्रलाई प्रहार गर्दा नाश गर्ने **कुनै विपत्तिले तिमीहरुलाई छुनेछैन** ।

प्रस्थान १२:२३ जब परमप्रभु मिश्रीहरुलाई प्रहार गर्न देश भएर जानुहुनेछ, तब उहाँले चौकोसको माथिल्लो भाग र दुवैतिरका खम्बामा **रगत** देख्नुहुनेछ, र त्यस ढोकालाई छोड़ेर, निस्तार गरी, **विनाश पार्नेलाई तिमीहरुका घरमा तिमीहरुलाई मार्न पस्न दिनुहुन्न** ।

भजनसंग्रह ९१:१०-११ तिम्रो कुनै **अनिष्ट** हुनेछैन, तिम्रो घरको नजिक कुनै **विपत्ति** आउनेछैन । (११) किनकि उहाँले आफ्ना स्वर्गदूतहरुलाई, तिम्रो मार्गमा रक्षा गर्नलाई आज्ञा दिनुहुनेछ ।

मत्ती ९:३५-३८ येशू **समस्त** सहरहरु र गाँउहरुतिर तिनीहरुका सभाघरहरुमा **शिक्षा** दिँदै, राज्यको सुसमाचार **प्रचार गर्दै** र **हरेक किसिमका रोग र दुर्बलताहरु निको पार्दै हिँड्नुभयो** । (३६) तर **भीड़हरुलाई देखेर** उहाँको हृदय तिनीहरुका निम्ति **दयाले भरियो** । किनभने तिनीहरु गोठालाविनाका भेड़ाहरुजस्तै हैरान र असाहय भएका थिए । (३७) तब उहाँले आफ्ना चेलाहरुलाई भन्नुभयो,"फसल प्रशस्त छ, **तर खेतालाहरु थोरै छन्** । (३८) यसकारण **फसलका** प्रभुलाई प्रार्थना गर, र उहाँले आफ्नो **फसलमा खेतालाहरु पठाइदेऊन्** ।"

- 'कम विश्वास' वाहेक केही नभएका, पर्याप्त खेतालाहरु नभएको समस्या देखिन्छ ।
- हामीले पिताले झैं उत्सुकत्तासाथ अधिक विश्वासको लागि माग्नुपर्छ, आउने पदमा जस्तै ।

मर्कूस ९:२३-२४ येशूले तिनलाई भन्नुभयो, "तपाईले सक्नुहुन्छ ! भनी के भनेको ? विश्वास गर्नेको लागि त सबै कुरा सम्भव छ ।" तब झट्टै केटाको बाबुले कराएर भने, "**म विश्वास गर्छु । मेरो अविश्वासमा मलाई सहायता गर्नुहोस्** ।"

- कहिलेकाहीँ म यो केटाको बुबा जस्तै हुन्छु ।

---

मत्ती ८:८-१० तर कप्तानले भने,"हे प्रभु, तपाईलाई मेरो घरमा स्वागत गर्ने योग्यको म छैनँ । तर **वचन मात्र बोलिदिनुहोस्**, र मेरो नोकर निको हुनेछ । (९) किनकि म पनि अधिकारीहरुका अधीनमा छु, अनि मेरो अधीनमा सिपाहीहरु छन् । म एक जनालाई 'जा' भन्छु, अनि त्यो जान्छ, र अर्कालाई 'आइज' भन्छु, अनि त्यो आउँछ । मेरो कमारालाई 'यसो गर्' भन्छु, अनि त्यसले त्यो गर्छ ।" (१०) तिनका कुरा सुनेर येशूले आश्चर्य मान्नुभयो, र उहाँको पछि आउनेहरुलाई भन्नुभयो, "साँच्चै, म तिमीहरुलाई भन्दछु, इस्त्राएलमा पनि यति **ठूलो विश्वास** मैले भेट्टाएको छैनँ । (११) म तिमीहरुलाई भन्दछु, पूर्व र पश्चिमबाट धेरै जना आउनेछन्, र अब्राहाम, इसहाक, र याकूबसँग स्वर्गका राज्यको भोजमा बस्नेछन् ।......(१३) तब येशूले कप्तानलाई भन्नुभयो, जाऊ, **जस्तो तिमीले विश्वास गरेका छौं, त्यस्तै तिमीहरुलाई होस्** ।" अनि त्यो नोकर त्यहीँ घडी निको भयो ।

- कप्तान पहिले येशूकहाँ गए - हामीले पनि त्यसै गर्नुपर्दछ - र येशूलाई वचन मात्र बोलिदिनुहोस् भने । यद्यपि, वचन बोल्न आज येशू यो संसारमा हुनुहुन्न ।

- यो संसारमा उहाँको वचन बोल्न हामी उहाँका राजदूतहरु हौं (२ कोरन्थी ५:२०)। परमेश्वरले उहाँको वचन बोल्नलाई हामीलाई अधिकार दिनुभएको छ ।

मत्ती २८:१८-१९ "स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ ।" उहाँसँग अधिकार छ, हामीलाई जान भन्नुभएको छ, हामी उहाँको नाममा जान्छौं ।

मर्कूस १६:१७-१८ **विश्वास** गर्नेहरुसँग यी **चिन्हहरु** हुनेछन्- मेरो नाउँमा (उहाँको अधिकारद्वारा) **तिनीहरुले** भूतहरु धपाउनेछन्, **तिनीहरुले** नयाँ भाषाहरुमा बोल्नेछन् । (१८) तिनीहरुले सर्पहरु समात्नेछन् र कुनै विषालु कुरा पिए तापनि कुनै किसिमले त्यसले तिनीहरुको हानी गर्नेछैन । **तिनीहरुले रोगीहरुमाथि आफ्ना हात राख्नेछन् र तिनीहरु निको हुनेछन्** ।

मत्ती १६:१९ म **तिमीलाई** स्वर्गको **राज्यका साँचाहरु** दिनेछु । जे **तिमीले** पृथ्वीमा **बाँध्नेछौ, सो स्वर्गमा बाँधिनेछ,** र जे **तिमीले** पृथ्वीमा **फुकाऔला, सो स्वर्गमा फुकाईनेछ** ।

- क्रमलाई याद गर्नुहोस्, यो स्वर्गमा सुरु हुन्छ तर हामीसँग यसलाई पृथ्वीमा ल्याउने 'साँचाहरु' छन् ।

---

मत्ती ८:२६ येशूले तिनीहरुलाई भन्नुभयो,“**अल्पविश्वासी** मानिस हो, तिमीहरु किन डराउँछौ ?” तब उठेर उहाँले बतास र समुद्रलाई हकार्नुभयो, र आँधी बिलकुल शान्त भयो ।

- जब 'जीवनका आँधीहरुले' हामीहरुलाई डराउँदछ, विश्वासमा रहेर **वचन बोल्नाले** शान्ति, सुरक्षा र 'लामो जीवनकाल' ल्याउँदछ । (भजनसंग्रह ३४:१२)

एफिसी ६:१६-१७ साथै **विश्वासको ढाल** उठाओ, जसबाट तिमीहरु दुष्टका **सबै अग्निबाण निभाउन सक्नेछौं** । (१७) **मुक्तिको टोप** लगाओ, र **पवित्र आत्माको तरवार** लेओ, जो चाहिँ **परमेश्वरको वचन हो** ।( र अब कसरी परमेश्वरको वचन हामी कहाँ आउँछ ?) (१८) **सारा प्रार्थना र निवेदनसाथ सब समय पवित्र आत्मामा प्रार्थना गर** । यस उद्देश्यले लगनशील र सर्तक भएर सबै सन्तहरुका निम्ति प्रार्थना गरिरहो ।

---

मत्ती ९:२ मानिसहरुले खाटमा पल्रिरहेको एक जना पक्षाघातीलाई भन्नुभयो, “छोरा, साहश गर । तिम्रा पाप क्षमा भए ।” (५) किनकि के भन्नु सजिलो छ, ' तिम्रा पाप क्षमा भए' भन्नु कि 'उठ र हिँड' भन्नु ? (६) तर मानिसको पुत्रलाई पृथ्वीमा पाप क्षमा गर्ने अधिकार छ भनी तिमीहरुले जान्न सक ।” तब उहाँले त्यस पक्षाघातीलाई भन्नुभयो, “उठ, तिम्रो खाट बोक, र घर जाऊ ।” (७) अनि त्यो उठ्यो, र आफ्नो घरतिर लाग्यो ।

- यो विश्वासयोग्य साथीहरुको विश्वासले हुनसक्छ, जसले उत्तरमा 'नाई' कहिले भन्दैन, तर पिडामा परेकालाई येशूमा ल्याउन उसले जे पनि गर्दछ ।

---

मत्ती ९:२०-२२ त्यति नै बेला बाह्र वर्षदेखि रगत बग्ने रोग भएकी एउटी स्त्रीले पछिल्तिरबाट आएर उहाँका वस्त्रको किनार छोई । (२१) किनकि त्यसले मनमनै सोचेकी थिई, “**यदि** मैले उहाँको वस्त्र मात्र छोएँ भने पनि **म निको भइजानेछु** ।” (२२) फनक्क फर्की हेर्दा येशूले त्यस स्त्रीलाई देख्नुभयो, र भन्नुभयो, “छोरी साहस गर, **तिम्रो विश्वासले तिमीलाई निको पारेको छ** ।” त्यो स्त्री त्यही घड़ी निको भई ।

- कहिल्यै हार नमानिकन, सबै समस्या भएर अगि बढ्दा, त्यसको इनाम पाइन्छ ।
- “**यदि**…”जब हामी दृढ़तासाथ विश्वासमा बढ्छौं र उहाँलाई छुन्छौं, त्यहाँ सम्बन्ध बन्दछ र उहाँको महिमाको शक्ति, उहाँको पूर्णता, हामीमा बगेर आउँदछ ।

---

मत्ती ९:२७-३० येशू त्यहाँबाट जानुहुँदा दुई जना अन्धाहरु "हे दाऊदको पुत्र, हामीमाथि दया गर्नुहोस् " भनी कराउँदै उहाँको पछिपछि लागे । (येशूले उत्तर दिनु भएन, तर पनि उनीहरु उहाँको पछि लागि रहे) (२८) उहाँ घरमा पस्नुभएपछि, (बन्द ढोकाले पनि तिनीहरुलाई उहाँलाई पछ्याउन रोक्न सकेन) ती अन्धा मानिसहरु उहाँकहाँ आए । येशूले तिनीहरुलाई भन्नुभयो,"**म यो गर्न सक्छु भनी के तिमीहरु विश्वास गर्दछौं ?**" तिनीहरुले उहाँलाई भने,"**ज्यू, प्रभु** ।" (२९) तब उहाँले तिनीहरुका आँखा छोएर भन्नुभयो,"**तिमीहरुको विश्वास अनुसार तिमीहरुलाई होस्** ।" (३०) अनि तिनीहरुका आँखा खोलिए ।

मत्ती ७:७-८ **माग त तिमीहरुलाई दिइनेछ, खोज** त **तिमीहरुले भेट्टाउनेछौं**, **ढकढक्याओ** त तिमीहरुका निम्ति उघारिनेछ । (८) किनकि जसले माग्छ, त्यसले पाउँछ, जसले खोज्छ, त्यसले भेट्टाउँछ, जसले ढकढक्याउँछ, त्यसको निम्ति ढोका उघारिनेछ ।

जब पत्रुस पानीमा हिँडेका थिए, यसले हामीमा "महान् विश्वास"को प्रदर्शन गर्दछ तरैपनि येशूले उनीमा "कम विश्वास" छ भनी भन्नुभयो ।

मत्ती १४:१३ तब येशूले झट्टै हात पसारेर तिनलाई समातिहाल्नुभयो, र तिनलाई भन्नुभयो,"**ए अल्पविश्वासी, किन शङ्का गऱ्यौ** ?"

- येशूले भन्दै हुनुहुन्छ, हाम्रो विश्वास "कम" हुन्छ जब त्यसलाई हामी "शंङ्का"सँग मिश्रण गर्छौं ।

१. परमेश्वरको इच्छा र चाहना हामी सबैको पत्रुसको जस्तै हृदय र प्रार्थना होस् भन्ने हो । "परमेश्वर, तपाई जहाँ हुनुहुन्छ, म तपाई सितै हुन चाहन्छु ।" येशुले सधैं यो प्रार्थनाको उत्तर यसरी दिनुहुन्छ, "**आऊ** ।"

२. पत्रुसले असम्भव कार्य गरे, उनी पानीमाथि हिडें, उनको '**महान् विश्वास**' द्वारा ।

३. आँधीलाई देखेर **डर** र **शंङ्काका** साथ उनले आफ्नो आँखालाई येशूबाट हटाए । हामीले हाम्रो विश्वास सुरु गर्नुहुने येशुलाई हेरौं । हिब्रु १२:२

४. जसै पुत्रस छालमूनि डुब्न थाले, उनले फेरि येशूलाई हेरे र प्रार्थना गरे: "परमेश्वर मलाई बचाऊनु होस् !" अर्को प्रार्थना जो उनको इच्छामा थियो ।

- यसमा हामीले "कम विश्वास"को सफलता र असफलता देख्दछौं ।
- हामीलाई जीवनका आँधीहरुभन्दा ठूलो विश्वास चाहिन्छ जसले हामीलाई असफलताबाट तानेर बाहिर निकाल्छ ।

---

तपाईको विश्वास यसबाट हुर्कन सक्छ :

(१) प्रार्थना र उपवास : यशैया ५८:६ मैले चुनेको किसिमको उपवास यही होइन र ? पद (८) तिमीहरु चाँड़ै निको (शाररीक रुपमा) हुनेछौं ।

(२) परमेश्वरको वचनलाई पढेर, अध्ययन गरेर, मनन गरेर, याद राखेर तपाईले तपाईको आत्मालाई खुवाउनुहोस् । जे सुनिएको छ, त्यसैबाट विश्वास आउँछ र जे सुनिन्छत्यो खीष्टको प्रचारबाट आउँछ । रोमी १०:१७

---

मत्ती १५:२७-२८ त्यसले भनी, "हो प्रभु, तर कुकुरहरुले पनि त आफ्ना मालिकको टेबिलबाट झरेका टुक्राटाक्री खान्छन् ।" (२८) तब यशूले त्यसलाई जवाफ दिनुभयो,"ए नारी, तिम्रो विश्वास ठूलो रहेछ । तिमीले इच्छा गरेबमोजिम तिमीलाई होस् ।" त्यसकी छोरी त्यही घड़ी निको भइहाली ।

- विश्वासले "नाई" भन्ने उत्तर कहिल्यै दिँदैन ।

---

मत्ती १६:८ येशूले यो थाहा पाएर भन्नुभयो,"ए **अल्पविश्वासी** हो ! तिमीहरुसित रोटी छैन भनेर किन आपसमा बहस गर्छौं ?

- हामीसँग नभएका कुराहरुले विश्वासलाई सिमित पार्दैन ।

---

मत्ती १७:२० उहँले तिनीहरुलाई भन्नुभयो,"तिमीहरुका **अल्पविश्वास**को कारणले हो । साँच्चै, म तिमीहरुलाई भन्दछु, कि **तिमीहरुमा एउटा रायोको दानाजति विश्वास भएदेखि** यस डाँड़ालाई 'यहाँबाट हटिजा' भन्यौ भने त्यो हटिजानेछ । र **तिमीहरुका निम्ति केही असम्भव हुनेछैन** । "

- उहाँले भन्दै हुनुहुन्छ - त्यसलाई ठुलो मात्राको विश्वास चाहिदैँन ।

---

मत्ती २१:२१-२२ येशूले जवाफ दिएर तिनीहरुलाई भन्नुभयो,"साँच्चै म तिमीहरुलाई भन्दछु, **तिमीहरुमा विश्वास छ र कहिल्यै शङ्का गरेनौ भने**, अञ्जीरको बोटलाई जे गरियो त्यति मात्र होइन, तर यस डाँड़ालाई पनि 'उखेलिएर समुद्रमा खस' भन्यौ भने **सो हुनेछ** । (२२) **विश्वास** गरेर प्रार्थनामा जे **माग्छौं** त्यो तिमीहरुले पाउनेछौ ।"

---

III. डा. लुकको अबलोकन :

लुका ४:४०-४१ अब घाम अस्ताउन लाग्दा अनेक किसिमका रोग भएका बिमारीहरु **सबै**लाई तिनीहरुले उहाँकहाँ ल्याए । **उहाँले** तिनीहरु हरेकमाथि **आफ्ना हात राखेर तिनीहरुलाई निको पार्नुभयो** । (४१) धेरै मानिसहरुबाट भूतहरु पनि चिच्च्याउँदै र यसो भन्दै निस्के, "तपाई परमेश्वरका पुत्र हुनुहुन्छ ।"

लुका ६:१७-१९ उहाँका शिष्यहरुको एउटा ठूलो भीड़, र समस्त यहूदिया र यरुशलेम, र समुद्र तटवर्ती टुरोस र सीदोनका इलाकाबाट ठूलो भीड़ (१८) उहाँका **वचन सुन्नलाई** र आफ्ना-आफ्ना **रोगबाट निको**

**हुनलाई** आएका थिए । **अशुद्ध आत्माहरु**बाट पीडितहरु पनि **निको** भए । (१९) सारा भीड़ले उहाँलाई छुन खोज्दथियो, किनकि शक्ति उहाँबाट निस्किरहेको थियो, र तिनीहरु **सबैलाई निको पार्दथियो** ।

- प्रचार (र/वा शिक्षा दिनु) र चङ्गाँई प्राय सँगै हुँदछ ।
- चङ्गाँईले उहाँको अधिकार देखाउँदछ जसले उहाँको प्रचारलाई सार्थक तुल्याउँदछ ।
- अशुद्ध आत्माहरु प्राय स्वस्थ्य समस्यासँग आधारित हुन्छ ।

---

लुका ९:१-२ तब उहाँले बाह्र चेलाहरुलाई एकसाथ बोलाउनुभयो, र **तिनीहरुलाई सबै भूतहरु निकाल्ने** र **रोगहरु निको पार्ने शक्ति** र अधिकार दिनुभयो । (२) **उहाँले** तिनीहरुलाई **परमेश्वरको राज्यको प्रचार** गर्न र **बिमारीहरुलाई निको** पार्न **पठाउनुभयो** । (६) तब तिनीहरु बिदा भए, र **सुसमाचार प्रचार गर्दै र सबै जगा रोगीहरुलाई निको पार्दै** गाँउ-गाँउ गए ।

- उहाँको चेलाहरुलाई शक्ति र अधिकार दिईएको थियो उही सेवकाईमा प्रयोग गर्नलाई- परमेश्वरको राज्यको प्रचार र चङ्गाँईको लागि ।

लुका ९:१०-११ अनि प्रेरितहरु फर्केर तिनीहरुले गरेका सबै काम उहाँलमई बताए । उहाँले तिनीहरुलाई साथमा लिई बेथसेदा भन्ने शहरमा अलग्गै जानुभयो । (११) तर यो थाहा पाएर भीड़हरु उहाँको पछिपछि लागे । उहाँले तिनीहरुलाई स्वागत गर्नुभयो, र **परमेश्वरका राज्य**को विषयमा **सुनाउनुभयो**, र **जस-जसलाई निको हुन आवश्यकता थियो तिनीहरुलाई निको पार्नुभयो** ।

- उही तरिका - परमेश्वरको राज्यको प्रचार र चङ्गाँई । यो दर्शाउँदै कि परमेश्वरको राज्यमा कुनै रोगहरु छैन ।

---

प्रेरित ५:१३-१६ अब **प्रेरितहरु**का हातबाट धेरै **चिन्हहरु** र **आश्चर्यकर्महरु** जनताका बीचमा हुन लागे.....(१४) प्रभुमा विश्वास गर्ने पुरुष र स्त्रीहरु दुवैको भीड़ झन् बढ़ी थपिन लागे, (१५) यहाँसम्म कि मानिसहरुले **सड़क-सड़कमा बिमारीहरुलाई ल्याए**, र पत्रुस आउँदा तिनको छाया मात्र भए पनि तिनीहरुमध्ये कोही-कोहीमाथि परोस् भनी ओछयान र खाटहरुमा तिनीहरुलाई लेटाइराख्थे । (१६) यरुशलेमका वरिपरिका शहरहरुबाट पनि धेरै मानिसहरुले बिमारीहरु र **अशुद्ध आत्माले** सताएकाहरुलाई लिएर आउँथे र ती **सबै निको हुन्थे** ।

- पवित्र आत्माद्वारा पहिलो चिन्हहरु र आश्चर्यकर्महरु गरेपछि यो निश्चित भयो कि उनीहरु (येशू खीष्टलाई पछ्याउँनेहरु) र उनीहरुको संदेश, सर्वशक्तिमान् परमेश्वरबाट थियो ।

पत्रुसको सेवकाई :

प्रेरित ३:२-१० मन्दिरभित्र पस्नेहरुबाट भीख माग्न जन्मैदेखिको एक जना लङ्ड़ालाई मानिसहरु बोकेर ल्याउँथे.....(४) यूहन्नासँगै **पत्रुस**ले त्यसलाई एकटक लाएर हेरीकन भन,“हामीतिर हेर् !” (५) तिनीहरुबाट केही पाउने आशा गरेर त्यसले ध्यान दिएर तिनीहरुलाई हेऱ्यो । (६) तब पत्रुसले

भने,"सुनचाँदी मसित छैन । तर जे मसित छ, त्यही म तँलाई दिन्छु । **नासरतका येशूको नाँउमा हिँड्** ।" (७) तिनले त्यसको दाहिने हात **समातेर त्यसलाई उठाए**, र **तुरुन्तै** त्यसका खुट्टाहरु र गोलीगाँठामा ताकत आयो । (८) अनि जुरुक्कै उठेर त्यो खड़ा भयो र **हिँड्न थाल्यो**, र हिँड्दै र उफ्रँदै र परमेश्वरको स्तुति गर्दै तिनीहरुसँग मन्दिरमा पस्यो । (९) तब सबै मानिसहरुले त्यसलाई हिँड्दैगरेको र परमेश्वरको प्रशंसा गरिरहेको देखे ।

- त्यो लङ्गड़ा मानिसको विश्वास थिएन ।
- पत्रुस, स्पष्ट रुपले नतिजा के आउँछ भनेर संकोच थिएन । "विश्वास विनाको काम मरे तुल्य हुन्छ ।"

प्रेरित ९:३६-४२ योप्पा नगरमा तबीता, अर्थात् डोरकास (हरिणी) भन्ने एउटी शिष्य थिइन् ....। (३७) ती दिनमा तिनी बिमारी भइन् र तिनको मृत्यु भयो, र मानिसहरुले नुहाइदिएर तिनलाई माथिल्लो तलाको एउटा कोठामा राखे । (३८) लुड्डा योप्पाको नजिक भएको हुनाले, चेलाहरुले पत्रुस त्यहाँ छन् भन्ने सुनेर तिनीकहाँ दुई जना मानिसलाई यस्तो बिन्ती गर्न पठाए, "हामीकहाँ ढीलो नगरी आउनुहोस् ।" (३९) तब पत्रुस उठेर तिनीहरुसँग गए । त्यहाँ पुगेपछि तिनीहरुले तिनलाई माथिललो कोठामा लगे । विधवाहरु सबै तिनको नजीक उभिएर रुन लागे, ...... (४०) तर पत्रुसले तिनीहरु सबैलाई बाहिर पठाएर घुँड़ टेके अनि **प्रार्थना गरे**, र त्यस लाशतिर फर्केर भने, "**तबीता, उठ !**" अनि तिनले **आँखा उघारिन्**, र पत्रुसलाई देखी **उठेर बसिन्** । (४१) उनले तिनलाई आफ्ना हातले समाती जुरुक्कै उठाए, अनि सन्तहरु र विधवाहरुलाई बोलाएर तिनलाई जीवित प्रस्तुत गरे । (४२) **अब यो कुरा सारा योप्पाभरि जाहेर भयो, र धेरैले प्रभुमा विश्वास गरे** ।

- चिन्हहरु र आश्चर्य कर्महरुले धेरैलाई विश्वासमा ल्यायाँे ।

फिलिपको सेवकाई

प्रेरित ८:४-८ तब ती छरपष्ट भएकाहरुले चारैपट्टि गएर **वचन प्रचार गरे** । (५) **फिलिप**चाहिँ सामरियाको एउटा शहरमा गएर तिनीहरुलाई **ख्रीष्ट प्रचार** गरे । (६) फिलिपले भनेको **वचन सुनेर** अनि तिनले गरेका **चिन्हहरु देखेर**, भीड़ले एक मनका भई तिनका कुरामा ध्यान दिए । (७) किनकि **धेरै** जनाबाट **अशुद्ध आत्माहरु** ठूलो सोरले चिच्च्याउँदै निस्कन लागे, र **धेरै** जना **पक्षाघातका रोगीहरु** र **लङ्गड़ाहरु** पनि **निको पर्रिए** । (८) त्यसरी त्यस शहरमा ज्यादै आनन्द भयो ।

- नयाँ भु-भागमा सुसमाचार प्रचारका चिन्हहरु ।

पत्रुसको अनुभव

प्रेरित २८:७-१० त्यस टापूका पब्लियस नाउँ भएका मुखियाको जग्गाजमीन त्यस ठाँउको छेउछाउमा थियो । उनले हामीलाई स्वागत गरे, र तीन दिनसम्म उनको घरमा हाम्रो अतिथिसेवा गरे । (८) पब्लियासका बाबु **जरो** र **आउँको रोगले** बिरामी थिए । **पावल** तिनलाई हेर्न गए, र तिनको लागि

**प्रार्थना गरे**, र **आफ्नो हात तिनीमाथि राखी तिनलाई निको पारे** । (९) यस घटना भएपछि, त्यस टापूका अरु **रोगी** मानिसहरु पनि आए, र **निको** पारिए । (१०) तिनीहरुले धेरै प्रकारले हाम्रो आदर गरे । जब हामी जहाजमा चढ्यौं, तिनीहरुले हामीलाई चाहिए जति सामानहरु ज्हाजमा हालिदिए ।

- फेरि, चिन्हहरु जसले उनीहरु र उनीहरुको प्रचारलाई सार्थक बनायो ।

प्रेरित १९:११-१३ परमेश्वरले **पावल**को हातबाट **असाधारण आश्चर्य कामहरु** गर्नुभयो, (१२) यहाँसम्म कि **रुमाल** अथवा पछ्यौरा तिनको शरिरमा छुवाएर **बिमारीहरु**कहाँ लगिन्थे, र **तिनीहरुका शरिरबाट रोग जान्थे र दुष्टात्मा पनि निस्कन्थे** ।

फिलिप्पी २:२५-२७ इपाफ्रोडिटस,........ तिनी साँच्चै मरणान्त बिमारी थिए, तर परमेश्वरले तिनीमाथि दया देखाउनुभयो ।

- फेरि, केही रोगहरु मृत्युको घड़ीसम्म निरन्तर रहन्छ ।

२ तिमोथी ४:२० त्रोफिमसलाई त **मैले** मिलेटसमा बिमारी अवस्थामा **छोड़ें** ।

- म यो निश्चित रुपमा सोच्छु पावलले त्रोफिमसका लागि एकचोटि भन्दा धेरै प्रार्थना गरे ।

१ तिमोथी ५:२३ अघिजस्तो पानी मात्र खाने नगर, तर **तिम्रो पेटको लागि** र **घरिघरि बिरामी** भएकाले गर्दा अलि-अलि दाखमद्य पिउने गर ।

- प्रार्थनाका बावजूत तिमोथीको अस्वस्थताहरु निरन्तर रही रहेको देखिन्छ ।

सबै जनाले उनीहरुका अस्वस्थताहरु र रोगहरुबाट चङ्गाँई पाएनन् ।

---

IV. धर्मशास्त्रले विश्वासलाई यसरी व्याख्या गर्दछ :

अब विश्वासचाहिँ आशा राखिएका कुराको **निश्चय** र नदेखिएका कुराको **दृढ़ भरोसा** हो । हिब्रु ११:१

अर्को शब्दमा : जुन कुराको आशा राख्छौं त्यसलाई अस्तित्वमा विश्वासले ल्याउँदछ ।

रोमी ४:१७-२२ उहाँले मरेकाहरुलाई पनि जीवन दिनुहुन्छ, र अस्तित्वमा नभएका थोकहरुलाई बोलाई अस्तित्वमा ल्याउनुहुन्छ । (१८) "तेरा सन्तान पनि यस्तै असंख्य हुनेछन्" भनेर **परमेश्वरले भन्नुभएअनुसार, आशा पटक्कै नहुँदा पनि अब्राहामले आशा राखी विश्वास गरे,** र यसरी उनी धेरै जातिहरुका पिता बने । (१९) प्रायः सय वर्ष पुगिसकेका अब्राहाम मरेतुल्य भइसकेको आफ्नो शरीर तथा साराको कोख बाँझो भएको बुझेर पनि **विश्वासमा कमजोर भएनन्** । (२०) **परमेश्वरको प्रतिज्ञाबारे कुनै शङ्काले उनलाई डगमगाउन सकेन,तर आफ्नो विश्वासमा दह्रिलो भएर** उनले परमेश्वरलाई महिमा दिए । **प्रतिज्ञा गर्नुभएको कुरा परमेश्वरले गर्न पनि सक्नुहुन्छ भन्ने अब्राहामलाई पूरा निश्चय थियो** ।

२ कोरिन्थी ४:१८ हामी दृश्य कुरालाई होइन, तर अदृश्य कुरालाई हेर्छौं, किनभने दृश्य कुरा **क्षणिक** हुन्छन्, तर अदृश्य कुराचाहिँ **अनन्तसम्म** रहन्छन् ।

"अदृश्य कुरालाई" विश्वासले वास्तविकतामा ल्याउँदछ र ती कुरालाई दृश्यमा ल्याउँदछ, मेरो अनुभवमा ।

ख्रीष्टका कुराहरुलाई मेरो लागि विश्वासले अस्तित्वमा ल्याउँदछ ।

उदाहरण : रोमी ६:६ "हाम्रो पुरानो मनुष्यत्व उहाँसँग क्रूसमा टाँगियो ।"

- मेरो अनुभवमा विश्वासले यो सत्यलाई अस्तित्वमा ल्यायो ।
- विश्वासले कहिल्यै बनाउँदैन । यो केवल हासिल गर्न मात्र सकिन्छ जे परमेश्वरले हाम्रो लागि किन्नु वा जुटाउनु भएको छ ।
- यदि मैले विश्वास गरिन, भने पनि त्यो सत्य नै रहन्छ । यो तथ्य नै रहन्छ । तर यो मेरो जीवनमा वा अनुभवमा वास्तविक कहिल्यै हुँदैन ।

यदि मैले धेरै पैसा जिते र मेरो नाम टि.भी मा घोषणा भएको छ जो साँचो, जो तथ्य हो भने मैले केवल गएर त्यसलाई लिनु मात्र पर्दछ । यद्यपि मैले त्यो तथ्यलाई विश्वास गरिन भने त्यो वास्तविकमा मेरो कहिल्यै हुँदैन ।

यदि हामीले क्रूसको तथ्यलाई विश्वास गरेनौ भने पनि त्यो सत्य, सत्य नै रहन्छ, तर त्यो हाम्रो लागि महत्वहीन हुन्छ । ती कुराहरुलाई साँचो बनाउन विशवास चाहिँदैन, तर विश्वासले ती कुराहरुलाई अस्तित्वमा ल्याँन सक्छ र त्यसलाई हाम्रो अनुभवमा साँचो बनाउँछ ।

यूहन्ना १७:१७ तिनीहरुलाई सत्यमा पवित्र पारिदिनुहोस्, **तपाईको वचन सत्य हो** ।

भजनसंग्रह १०३:२-५ हे मेरो प्राण, परमप्रभुको प्रशंसा गर्, र उहाँका सबै उपकारहरु नबिर्सी (३) जसले **तेरा सबै पापहरु क्षमा गर्नुहुन्छ, र तेरा सबै रोगहरु निको पार्नुहुन्छ,** (४) जसले तेरो जीवनलाई मृत-लोकबाट मुक्त गर्नुहुन्छ, र तँलाई करुणा र कृपाको मुकुट लगाइदिनुहुन्छ, (५) जसले, तेरा इच्छाहरु **उत्तम कुराले** तृप्त गर्नुहुन्छ, ताकि तेरो **जवानी** चीलको जस्तै **फेरि नयाँ होस्** ।

मत्ती ८:१६-१७ जब साँझ पर्‍यो, तब तिनीहरुले उहाँकहाँ भूत लागेका धेरै जनालाई ल्याए । र उहाँले वचनद्वारा नै **भूतहरुलाई निकाल्नुभयो**, र जति बिरामी थिए, सबैलाई **निको** पार्नुभयो । (१७)यशैया अगमवक्ताले बोलेका अगमवाणी पुरा हुनलाई यो भएको थियो,"**उहाँ आफैले हाम्रा दुर्बलताहरु लिनुभयो, र हाम्रा रोगहरु उठाइलानुभयो** ।"

१ पत्रुस २:२४ हामी पापका लेखि मरेर धार्मिकताको लेखि जिऔँ भनी **उहाँले क्रूसमा आफ्नै शरीरमा हाम्रा पाप बोक्नुभयो** । **उहाँकै चोटहरुद्वारा तिमीहरु निको भयौ** ।

**विश्वास चाहिँ तपाईको परमेश्वरको वचनमा पूर्ण प्रतिबद्धता हो ।**

उत्पत्ति १२:१ परमप्रभुले अब्रामलाई भन्नुभयो,"तेरो देश र तेरो कुटुम्ब तथा तेरा पिताका घरबाट निस्केर जुन देश म तँलाई देखाउँछु त्यहाँ जा । (४) **यसैकारण परमप्रभुले भन्नुभए बमोजिम अब्राम गइहाले** ।

**वचन,प्रतिज्ञा**, तपाईलाई दिईएको कर्म हो जसले तपाईलाई अनन्त र प्रशस्त जीवन दिँदछ । जसरी कर्म आफ्नो स्वामित्वको प्रमाण हो, **तपाईको काम सहितको विश्वासले**, कामको आशिष्लाई तपाईको बनाउँछ ।

अब्राहामसँग उनको छोरा इसहाक बारे परमेश्वरको प्रतिज्ञा थियो ।

उत्पत्ति १५:४-६ तर जो तेरो आफ्नै छोरा हुन्छ त्यही नै तेरो उत्तराधिकारी हुनेछ । (५) अनि उहाँले तिनलाई बाहिर लगेर भन्नुभयो, "आकाशतिर हेरेरतारा गन्न सक्छस् कि सक्दैनस्, गनिहेर ।" उहाँले तिनलाई भन्नुभयो,"तेरा सन्तानहरु पनि त्यस्तै हुनेछन् ।"(६) अनि तिनले परमेश्वरमाथि विश्वास गरे, र यो तिनको निम्ति धार्मिकता गनियो । (१७:१-७ पनि)

**अब्राहामको विश्वासको परिक्षा** :

उत्पत्ति २२:२ उहाँले भन्नुभयो,"तेरो छोरा, अर्थात् तैंले माया गरेको तेरो एउटै छोरो इसहाकलाई लिएर मोरीयाहको देशमा गई मैंले तलाई देखाएको डाँड़ामा त्यसलाई होमबलि गर् ।"

उत्पत्ति २२:८ अब्राहामले भने,"छोरा, **परमेश्वरले नै** होमबलिको निम्ति थुमा **जुटाइदिनु हुनेछ** ।"अनि ती दुवै सँगसँगै गए ।

हिब्रु ११:१९ **परमेश्वरले मानिसहरुलाई मरेकोबाट पनि फेरि जीवित पार्न सक्नुहुन्छ** भन्ने कुरा अब्राहामले सोचे, र भनौं भने,उनले इसहाकलाई फिर्ता पाए ।

**विश्वास** परमेश्वरमा भरोसा राख्नु र आज्ञाकारी हुनु हो, जे असल छ त्यही गरेर, जब कि हाम्रो **दिमाग** र हाम्रो अवस्थाले ती सबै कुराहरुलाई असम्भव देखाइरहेको हुन्छ ।

**विश्वास जान्नु हो कि** : हामी जान्दछौं, उहाँलाई प्रेम गर्नेहरु र उहाँका अभिप्रायअनुसार बोलाइएकाहरुका निम्ति हरेक कुरामा परमेश्वरले भलाइ नै गर्नुहुन्छ । रोमी८:२८

हिब्रु ११:६ **विश्वासविना** परमेश्वरलाई प्रसन्न पार्न असम्भव छ । किनकि जो परमेश्वरको नजीक आउँछ, त्यसले (१) परमेश्वर हुनुहुन्छ र (२) उहाँलाई खोज्नेहरुलाई उहाँले **प्रतिफल** दिनुहुन्छ भन्ने पक्का विश्वास गर्नुपर्छ ।

१. उहाँले "उहाँ नै हुनुहुन्छ" भन्नुभयो जो उहाँ हुनुहुन्छ र लेखिएका सबै कुरा उहाँले गर्नुभयो ।

२.उहाँले विश्वासको प्रतिफल दिनुहुन्छ जसले उहाँको खोजी गर्छ किनकि उहाँ त्यसमा प्रशन्न हुनुहुन्छ।

**विश्वास कारणभन्दा बाहिर जान्छ।**

- यो नबुझिकन विश्वास गर्दछ, किन (उत्पत्ति २२:२)
- यो जेलमा पनि गीत गाउँछ। (प्रेरित १६:२५)
- यो कष्टमा महिमा दिन्छ। (रोमी ५:३)
- यो पिड़ा पाउन रोज्दछ। (हिब्रु ११:२५)

**परमेश्वरले हरेकलाई दिनुभएको विश्वासको नापबमोजिम सन्तुलित विचारले सोचोस्।** रोमी १२:३-४

र यो नापबमोजिम, हाम्रो विश्वास जसै हामी **सुन्दछौं** हुर्कदै र बढ्दै जाँदछ। जे सुनिएको छ, त्यसैबाट विश्वास आउँछ र जे सुनिन्छ त्यो ख्रीष्टको प्रचारबाट आउँछ। रोमी १०:१७

- येशु ख्रीष्टले गर्नुभएको काम उनको पिताबाट देखे र सुने।

यूहन्ना ५:१९-२० येशुले तिनीहरुलाई भन्नुभयो,"साँच्चै, म तिमीहरुलाई भन्दछु, **पुत्र आफैले केही गर्न सक्दैन**, तर पिताले जे गर्नुभएको **देख्छ** त्यही मात्र गर्छ, किनकि पिताले जे गर्नुहुन्छ, **पुत्रले त्यसै गर्छ**।"

- प्रार्थना गर्नुहोस्, र आफ्नो आँखालाई उहाँले के गर्दै हुनुहुन्छ त्यो देख्ने तालिम दिनुहोस्।

यूहन्ना ५:३० म आफै केही गर्न सक्दिनँ। जस्तो म सुन्छु, त्यस्तै न्याय म गर्छु, र मेरो न्याय ठीक ठहर्छ, किनकि म आफ्नोइच्छा खोज्दिनँ, तर मलाई पठाउनुहुनेको इच्छा खोज्दछु।

- निरन्तर भित्र गहिराईमा स्थिर, सानो आवाजलाई सुन्न सिक्नुहोस्।
- आफ्नो कार्य सूचीलाई छेउ राख्नुहोस्। उहाँको इच्छा हरेक अवस्थामा खोज्नुहोस्।

यहून्ना ८:२८-२९ **म आफ्नै अधिकारमा केही गर्दिनँ**, तर पिताले सिकाउनुभएका कुराहरु बोल्दछु भनी जान्नेछौं।

- सिक्ने व्यक्ति हुनुहोस्, चेला, वचन पढ्नुहोस्, आत्मामा प्रार्थना गर्नुहोस्।

यूहन्ना ८:३८ जे तिमीहरुका पिताबाट सुनेका छौं, त्यही गर्दछौं।

- बोल्नु अघि हेराई आउँदछ। हामीले नदेखेसम्म नबोलौं।

यूहन्ना १४:१० म पितामा छु, र पिता ममा हुनुहुन्छ भनेर के तिमी विश्वास गर्दैनौं ? **जुन वाणी म तिमीहरुलाई भन्दछु, त्यो मैले मेरो आफ्नै अधिकारमा बोलेको होइनँ** तर **ममा वास गर्नुहुने** पिताले आफ्नो काम गर्नुहुन्छ।

- यूहन्ना १५:४-५ **ममा रहो**, र **म तिमीहरुमा रहन्छु** । जसरी हाँगा दाखको बोटमा रहेन भने त्यो आफैले फल फलाउन सक्दैन, त्यसरी **तिमीहरु ममा रहेनौं** भने तिमीहरुले पनि सक्दैनौ । “दाखको बोट म हुँ, तिमीहरुचाहिँ हाँगाहरु हौ । यदि **ममा कोही रह्यो भने, र म त्यसमा रहैं भने**, त्यसले **धेरै फल फलाउँछ,** किनकि मबाट अलग रहेर तिमीहरु केही गर्न सक्दैनौं ।”

यूहन्ना १४:१२-१४ साँच्चै, म तिमीहरुलाई भन्दछु, **जसले मलाई विश्वास गर्दछ,** त्यसले **मैले गरेका काम पनि गर्नेछ,** र तीभन्दा ठूला काम गर्नेछ, किनभने म पिताकहाँ गइरहेछु । (१३) **तिमीहरुले मेरो नाउँमा जेसुकै मागे तापनि** पुत्रमा **पिताको महिमा होस्** भनेर म त्यो गर्नेछु । (१४) तिमीहरुले मेरो नाउँमा कुनै थोक माग्यौ भने म गरिदिनेछु ।

---

(तल र्बान नोटस् बाट, कपीराईटस् (सी) १९९७ बाई बाइबलसफ्ट)

यूहन्ना १४:१३ कुनै थोक माग्यौ - यो प्रतिज्ञा विशेष गरेर प्रेरितहरुलाई उनीहरुको सुसमाचार प्रसार कार्यको लागि भनिएको हो; यद्यपि,यो सबै इसाईहरुको लागि पनि साँचो छ यदि विश्वासमा केही माग्यौं भने परमेश्वरको इच्छा अनुसार दिनुहुन्छ ।

याकूब १:६ तर त्यसले कत्ति पनि शंङ्का नगरी विश्वाससाथ मागोस् ।

१ यूहन्ना ५:१४ परमेश्वरमा हाम्रो पूर्ण भरोसा छ कि **उहाँको इच्छाबमोजिम** जे मागे तापनि उहाँले हाम्रो कुरा सुन्नुहुन्छ ।

मेरो नाउँमा - यो मेरो खातामा वा मेरो खातिर भन्नु बराबर हो । यदि कुनै व्यक्तिले जसको बैङ्कमा पैसा छ, हामीलाई पैसा निकाल्न अधिकार दिन्छ भने हामीले त्यो व्यक्तिको नाउँमा गर्छौं । पुत्रले उहाँको पिताको नाउँमा सहयागको लागि दर्खास्त गर्ने अनुमति दिनुभयो किनकि हामी उहाँका साथीहरु हौं, हामी त्यो पुत्रको नाउँमा गर्छौ, र अभिभावकले पुत्रलाई सम्मान गरे झैं पिताबाट उहाँलाई र उहाँबाट उहाँका सबै साथीहरुलाई निगाह प्रदान गरिनेछ । तसर्थ हामीलाई परमेश्वरमा दर्खास्त गर्न स्वीकृत दिईएको छ पुत्र येशु खीष्टको नाउँमा, किनकि परमेश्वर पुत्रसँग प्रसन्न हुनुहुन्छ (मत्ती ३:१७) र किनकि हामी परमेश्वरका पुत्रको साथीहरु भएकाले उहाँले हाम्रो पुकाराको उत्तर दिनुहुन्छ । यद्यपि हामी त्यसको लायक छैनौं, तरैपनि परमेश्वरले आफ्नो पुत्र तर्फबाट हामीलाई माया गर्नुहुन्छ र किनकि परमेश्वरले हामीलाई उहाँको रुपमा देख्नुहुन्छ । पुत्रको नाउँमा पितासँग निकट हुनुभन्दा अरु कुनै पनि सम्मान ठूलो छैन; उहाँको नाउँमा नआउनेहरुलाई मुक्तिको आशिष् स्वीकृत गरिएको हुन्न ।

म त्यो गर्नेछु - उहाँ उचालिनु भए पश्चात, स्वर्ग र पृथ्वीमा समस्त अधिकार उहाँलाई दिइएको छ । (मत्ती २८:१८) र तसर्थ उहाँले हामीहरुका सबै इच्छाहरुलाई पूरा गर्न सक्नुहुन्छ ।
(माथिका र्बान नोटस् बाट, कपी राइटस् (सी) १९९७ बाई बाइबलसफ्ट)

---

V **विश्वासको महत्व ।**

इसाईहरुको हतियारमा **विश्वासको ढाल** महत्वपुर्ण भाग हो । तपाईले "परमेश्वरका सारा" हातहतियार पहिरनु पर्दछ (एफिसी ६:१६) किनकि इसाई जीवन भनेको लड़ाई, आत्मिक द्वन्द्व हो । जसै पावलले इसाई जीवनका विभिन्न हातहतियारका नाम भन्दछन्, उनी ढालमा आउँदछन् र यसलाई प्राथमिकतासाथ महत्व दिएर भन्दछन्,"सबैभन्दा, विश्वासको ढाल लिनु" किनकि विश्वासको ढालद्वारा कुनै कुराले हामीलाई चोट पुऱ्याउँन सक्दैन । तपाई उहाँद्वारा विजयीभन्दा पनि माथि हुनुहुन्छ । (रोमी ८:३७)

**विश्वासको महत्व यी कुराहरुमा देखिन्छ :**

| | |
|---|---|
| १. तपाई विश्वास विना बाचाईन सक्नुहुन्न । | यूहन्ना ३:३६ |
| २. तपाई विजयीसाथ जिउन सक्नुहुन्न । | १ यूहन्ना ५:४ |
| ३. तपाईले परमेश्वरलाई खुसी पार्न सक्नुहुन्न । | हिब्रु ११:६ |
| ४. तपाईले प्रार्थना गर्न सक्नुहुन्न । | याकूब १:६ |
| ५. तपाईले परमेश्वरमा शान्ति पाउनुहुन्न । | रोमी ५:१ |
| ६. तपाईले आनन्द पाउनुहुन्न । | १ पत्रुस १:८ |
| ७. तपाई विश्वासद्वारा धर्मी ठहरिनुहुन्छ । | गलाती २:१६ |
| ८. तपाई विश्वासद्वारा जिउनुहुन्छ । | गलाती २:२० |
| ९. तपाई विश्वासद्वारा धर्मी बनाइन्छ । | रोमी १०:१-४ |
| १०. विश्वासद्वारा ख्रीष्ट तपाईको हृदयमा वास गर्नुहुन्छ । | एफिसी ३:१७ |
| ११. विश्वासद्वारा पवित्र आत्मा पाउँदछौं । | गलाती ३:२ |
| १२. विश्वासद्वारा नभएका जुनसुकै कुरा पाप हो । | रोमी १४:२३ |

विश्वास महत्वपुर्ण छ किनभने यसले परमेश्वरलाई सम्मान दिँदछ, र परमेश्वरले विश्वासलाई सम्मान गर्नुहुन्छ ।

---

VI. लाजरसको बिमार अवस्थाबाट पाठ

यूहन्ना ११:३-५ यी दुई दिदीहरुले येशुकहाँ यसो भनी समाचार पठाए, "प्रभु, **जसलाई तपाई माया गर्नुहुन्छ, तिनी बिमारी छन्** ।"

- उनीहरुले येशूलाई बोलाए ,साँचो विश्वासी भएको नाताले, र बिमारी अवस्थामा गरिनुपर्ने कार्य भएकाले ।
- उनीहरुको अपिल हाम्रो लागि असल तरिका हो

(४) तर यो सुनेर येशूले भन्नुभयो, "यस बिमारीले मृत्यु पाउँदैन, तर यो परमेश्वरको महिमाको निम्ति हो, ताकि यसद्वारा परमेशवरका पुत्रको महिमा होस् ।"

- "यस बिमारीले मृत्यु पाउँदैन" **यसले यो दर्शाउँछ कि केही बिमारीहरुको अन्त्य मृत्यु हो** । हिब्रु ९:२७ जसरी मानिसको निम्ति एकपटक मर्नु निश्चित छ ।

- हाम्रो जीवन वा हाम्रो मृत्यु, र सबै जे हामीले गर्छौं, ती सबेले हाम्रो पिता र हाम्रो प्रभु येशू खीष्टको महिमा हुनुपर्दछ ।

  रोमी १४:८ **यदि हामी बाँच्छौं** चने प्रभु कै निम्ति बाँच्छौं, र **मर्छौं भने** प्रभु कै निम्ति मर्छौं । (९) चाहे हामी बाँचौं, चाहे मरौं, हामी प्रभुकै हौं ।

  फिलिपी १:२१ किनकि मेरो निम्ति जिउनु खीष्ट हो भने **मर्नु लाभ हो** । (२३) म त दोधारमा परेको छु । बरु **बिदा भएर खीष्टको साथमा हुने इच्छा छ, किनभने यो धेरै नै असल छ** ।

यूहन्ना ११:६ तापनि लाजरस बिमारी छन् भन्ने सुनेर उहाँ जहाँ हुनुहुन्थ्यो, अझ दुई दिन त्यहीं बस्नुभयो ।

- प्राय हाम्रो प्रार्थनाको, हाम्रो पुकाराको तुरुन्तै सुनुवाई हुँदैन । तर परमेश्वरले सुन्नुभएको छ, उहाँलाई थाहा छ, र उहाँसँग असल कारण छ, उद्देश्य छ त्यसको ढिलाई गर्नमा ।

यूहन्ना ११:२१-२४ तब मार्थाले येशूलाई भनिन्, "प्रभु, तपाई यहाँ हुनुहुँदो हो त मेरो भाइ मर्नेथिएन । (२२) तर अब पनि म जान्दछु, तपाईले परमेश्वरसँग जे माग्नुहुन्छ, परमेश्वरले तपाइलाई दिनुहुनेछ ।"

- मार्थाको विश्वास बलियो थियो ।

(२३) येशूले तिनलाई भन्नुभयो,"तिम्रो भाइ फेरि जीवीत हुनेछ ।" (२४) मार्थाले उहाँलाई भनिन्, "म जान्दछु, कि त्यो अन्त्यका दिनको पुनरुत्थानमा फेरि जीवीत भई उठ्नेछ ।"

- मार्थाको विश्वास बलियो थियो, उनको धर्मशास्त्रको ज्ञान राम्रो थियो, तरैपनि यो समयसम्म उनको भाइको चङ्गगाँईको लागि प्रार्थना गरिएको छैन ।

- मार्थाले महान् सत्यका साथ आधाभूत विश्वास देखाईन् तर आज त्यो महान् काम हासिल गर्न पर्याप्त छैन ।

- उनको बलियो विश्वास सिमित थियो । उनले विश्वास गरे कि येशूसँग उनको भाईलाई बिमार अवस्थाबाट उठाउन सक्ने शक्ति छ, तर मृत अवस्थामाबाट छैन ।

- सिमित विश्वास परिस्थितिद्वारा चल्दछ र असफलताको डरद्वारा प्रोत्साहन दिँदछ ।

(२५) येशूले तिनलाई भन्नुभयो,"पुनरुत्थान र जीवन म नै हुँ । **मलाई विश्वास गर्ने मर्‍यो भने पनि जीवित हुनेछ** ।"

- येशूसँग जीवन र मृत्युमाथि सम्पुर्ण अधिकार छ । (हिब्रु २:१४)
  **नडराऊ**, आदि र अन्त्य (१८) र जीवनचाहिँ म नै हुँ । म मरेको थिएँ । हेर,म सदासर्वदाको निम्ति जीवित छु, अनि **मृत्यु र पातालका साँचाहरुमसित छन्** । प्रकाश १:१७-१९

- येशूमाथिको विश्वास पर्याप्त छ, र त्यो नै महत्वपूर्ण हो, सदैव जीवित रहन-यद्यपि मृत्यु पश्चात पनि ।

(२६) अनि जिउने र ममाथि विश्वास गर्ने प्रत्येक **कहिल्यै मर्नेछैन** ।

- यो अती राम्रो र उत्कृष्ट सत्य हो । शरीरले काम गर्न छोड्नसक्ला, तर मानिस बाँच्नेछ ।

के तिमी विश्वास गर्छौ ? (२७) तिनले उहाँलाई भनिन्, "हो, प्रभु, म विश्वास गर्दछु, तपाई संसारमा आउनुहुने ख्रीष्ट, परमेश्वरका पुत्र हुनुहुन्छ ।"

- मार्थाले टालिन् वा प्रश्नको उत्तर दिईनन् तर धर्ममा उनको आधारभूत विश्वास प्रकट गरिन् ।

- धर्ममा विश्वास गर्नु मात्र पर्याप्त छैन; विश्वास धर्मभन्दा पनि पर जानुपर्दछ, जीवित सम्पुर्ण शक्तिशाली येशू ख्रीष्टसम्म ।

(३९) येशूले भन्नुभयो," ढुङ्गो हटाओ ।" मृत मानिसको दिदी मार्थाले उहाँलाई भनिन्, "हे प्रभु, यस बेलासम्म त त्यो गन्हाउन लागिसक्यो होला, किनकि त्यो मरेको चार दिन भइसक्यो ।"

- सायद ढुङ्गाले हाम्रो बन्द दिमागलाई, हाम्रो शंकालाई जनाईरहेको पनि हुनसक्छ, जसले हाम्रो विश्वासमा बाधा दिन्छ ।

पद.४० येशूले तिनलाई भन्नुभयो,"के मैले तिमीलाई भनेको होइनँ, **यदि** तिमीले **विश्वास** गर्‍यौ भने परमेश्वरको महिमा देख्नेछौ ?"

- हामी प्राय यो सुन्छौं कि "देख्नु नै विश्वास गर्नु हो" तर यो विश्वास भएको मानिसलाई होइन । **तपाई विश्वास गर्नुहुन्छ र हेर्नु हुन्छ** ।
- विश्वास दृश्य भन्दा पहिला आउँछ ।

(४१) तिनीहरुले ढुङ्गो हटाए । अनि येशू मास्तिर नजर उठाएर भन्नुभयो,"हे पिता, म तपाईलाई धन्यवाद दिन्छु, किनकि तपाईले मेरो बिन्ती सुन्नुभयो । (४२) मलाई थाहा छ, कि तपाईले मेरो बिन्ती सधैं सुन्नुहुन्छ । तर यहीं उभिएका भीड़को खातिर मैले यो भनेको हुँ, ताकि तपाईले मलाई पठाउनुभएको हो भनी तिनीहरुले विश्वास गरुन् ।"

- १ यूहन्ना ५:१४ परमेश्वरमा हाम्रो पूर्ण भरोसा छ कि उहाँको इच्छाबमोजिम जे मागे तापनि उहाँले हाम्रो कुरा सुन्नुहुन्छ । (१५) हामीले प्रार्थनामा जेसुकै मागे तापनि परमेश्वरले सुन्नुहुन्छ भनी हामी जान्दछौं भने, यो पनि जान्दछौं कि उहाँलाई हामीले जे मागेका छौं त्यो हामीलाई प्राप्त भएको छ ।

(४३) अनि यो कुरा भन्नुभएपछि उहाँ उच्च सोरले कराउनुभयो,"लाजरस, बाहिर निस्कि आऊ ।" (४४) त्यो मृत मानिस त्यसको हात-खुट्टा पट्टीले बाँधिएकै र अनुहार लुगाले बेह्रिएकैमा बाहिर निस्की आयो । येशूले तिनीहरुलाई भन्नुभयो,"त्यसको बन्धन खोलिदेओ, र त्यसलाई जान देओ ।"

- बोलिएको विश्वासको वचनले, परमेश्वरको इच्छा यस पृथ्वीमा हुन ल्याउँदछ। उहाँले मरेकाहरुलाई पनि जीवन दिनुहुन्छ, र अस्तित्वमा नभएका थोकहरुलाई बोलाई अस्तित्वमा ल्याउँनुहुन्छ। रोमी ४:१७-१८

- आधारभूत र सीमित विश्वासले मात्र चित्त नबुझाउनु होस्, जब तपाईसँग असीमित विश्वास छ भने त्यसले परमेश्वरलाई खुसी पार्दछ र उहाँको महिमा प्रकट गर्दछ।

VII. विश्वासको नायकहरु।

हिब्रु ११- तपाईले प्राय यो अध्यायलाई पढ्नुहोस् र यसमा मनन गर्नुहोस् ताकि परमेश्वरमा तपाईको विश्वास बलियो होस्। यहाँ हामी इस्राएल र त्यहाँका मण्डलीको इतिहास देख्नसक्छौं देख्न सक्छौं, जसरी यी सन्तहरुको महान् प्राप्तिमा विश्वासद्वारा लेखिएको हो।

पद.४ उनीहरुले हाबिलले झैं विश्वासद्वारा आराधना गरेर।
पद.५ उनीहरुले हनोकले झैं विश्वासद्वारा हिडेर।
पद.७ उनीहरुले नोआले झैं विश्वासद्वारा हिडेर।
पद.८-१९ उनीहरुले अब्राहामले झैं विश्वासमा जिएर।
पद.२०-२२ उनीहरुले इशाहाक, याकूबले झैं विश्वासद्वारा भविष्यका आशिष्हरु भनेर।
पद.२३-२८ उनीहरुले मोशा झैं विश्वासद्वारा चलाईएको।
पद.२९ उनीहरुले इस्त्राएल झैं विश्वासद्वारा समुन्द्र भएर हिडे।
पद.३० उनीहरुले यहोशू झैं विश्वासद्वारा लडे।
पद.३१ उनीहरुले राहाब
पद.३२-३३ उनीहरुले गिदोनले झैं विश्वासद्वारा राज्यहरु कब्जा गरे।
पद.३३ उनीहरुले दानिएलले झैं विश्वासद्वारा सिंहहरुका मुख थुने।
पद.३४ उनीहरुले तीन हिब्रुले झैं विश्वासद्वारा आगोका ज्वाला भएर हिडें।
पद.३५-३८ उनीहरुले पावलले झैं विश्वासद्वारा सताईए। स्तिफनस्ले झैं विश्वासद्वारा सहिद भए।

हिब्रु ११:३८-४० संसारका तिनीहरुका निम्ति योग्यको थिएन। मरुभूमि, पहाड़रु, गुफाहरु र पृथ्वीका ओड़ारहरु हुँदो तिनीहरुलाई घुमिहिँड्नुपर्‍यो। (३९) तिनीहरु सबैले आफ्ना **विश्वासको निम्ति ठूलो प्रशंसा पाए, तर प्रतिज्ञा गरिएको कुराचाहिँ पाएनन्**। (४०) परमेश्वरले हाम्रा लागि अझ असल योजना राख्नुभएको थियो, ताकि हामीसँग मात्रै तिनीहरु सिद्ध तुल्याइऊन्।

यो सर्वशक्तिमान् प्रभु येशू ख्रीष्टमा विश्वासद्वारा मात्रै हो कि आँधीहरुको बीचमा पनि हामीले शान्ति पाउँदछौं र शैतानका सबै शक्तिहरुबाट विजयी पाउँछौं जसले तपाईलाई नाश गर्न खोज्दछ।

हिब्रु १२:१-३ यसकारण यतिका साक्षीहरुको ठूलो बादलले हामीलाई घेरिराखेको हुनाले,

- पहिलाका सन्तहरुको विश्वासले, हामीहरुलाई प्रेरित र उत्साह दिँदछ जसै उनीहरुले स्वर्गबाट हामीलाई हेर्दछन्। तसर्थ :

हरकिसिमका बोझ र हामीलाई सजिलैसित अल्झाउने **पापलाई पन्छाएर**

- शंका, असत्य र पापको बोझले सम्पुर्ण ढोका खोल्दछ र हामीलाई उत्पीडनमा पार्ने आधिकारीक अधिकार शत्रुहरुलाई दिँदछ । यी सबैलाई निकाल्नुहोस्, यी सबैलाई टाढा राख्नुहोस् ।

हाम्रा सामुन्ने राखिएको दौड धैर्यसाथ दौडौं ।

- जीवनका ऋतुहरु र अवस्थाहरु कठिन र लामो हुनसक्छ तर विश्वास कहिल्यै हार मान्दैन ।

(२) हाम्रा विश्वास सुरु गर्नुहुने र पूरा गर्नुहुने **येशूलाई हेरौं**,

- येशुले तपाईको विश्वासलाई सिद्ध पार्नुहुन्छ र पार्नुहुनेछ ।

- समस्याको पहाडलाई नहेर्नुहोस्, तर आज्ञाकारी भएर येशूलाई हेर्नुहोस् । तालिम प्राप्त कुकुर उसको आँखा मालिकबाट कहिल्यै हटाउँदैन ताकि अप्ठ्यारो अवस्था मालिकको निर्देशनलाई तुरुन्तै मान्न सकोस् ।

  जसले उहाँको सामुन्ने राखिदिएका आनन्दको निम्ति अपमानलाई केही जस्तो नठानी **क्रुसको कष्ट भोग्नुभयो**, र परमेश्वरको सिंहासनको दाहिनेपट्टि विराजमान हुनुहुन्छ ।

- आउने इनाम र आशिष्को आनन्दको लागि, कष्टहरुलाई सहनुहोस्, यद्यपि तपाईको विश्वासको लागि तपाईलाई इन्कार गरियोस् र हास्यास्पदको पात्र बनाइयोस् तर दिन आउँनेछ जब तपाई उहाँसँग बस्नुहुनेछ ।

(३) पापीहरुबाट उहाँको विरुद्धमा भएका यतिका विवादहरु **सहनुहुनेलाई विचार गर**, र **तिमीहरु शिथिल नहोओ, अनि हरेस नखाओ** ।

- जब तपाई भन्नलाई तयार हुनुहुन्छ,“अधिक धेरै” क्रुसलाई सम्झनुहोस्.....

## VIII. विश्वासका कष्टहरु

जसै परमेश्वरले पत्रुसलाई उनको कष्टको समयमा भन्नुभयो, उहाँले हामी सबैलाई पनि भन्नुभयो :

लुका २२:३२ तर मैले **तिम्रो विश्वास नडगमगाओस् भनेर** तिम्रो निम्ति प्रार्थना गरे ।

- पत्रुसले उनको विश्वास बलियो र अटल छ भन्ने सोचेका थिए । लुका २२:३३ अनि पत्रुसले उहाँलाई भने,“हे प्रभु, म तपाईसँग झ्यालखानामा र मृत्युसम्मै जान तयार छु ।”
- तर जब परिक्षा आयो येशुले भन्नुभए झैँ पत्रुसले प्रभुलाई तीन चोटि इन्कार गरे । “पत्रुस, म तिमीलाई भन्दछु, तिमीले मलाई चिन्दिनँ भनेर तीन पल्ट अस्वीकार नगरुञ्जेल आज भाले बास्नेछैन ।” लुका २२:३४

- पत्रुसलाई आईपरेको परिक्षापछि मात्र प्रभु येशू ख्रीष्टको खातिर झ्यालखाना र मृत्युसम्मै ऊी दुवैमा जाने उनमा **विश्वास** आयो ।

उनको सेवकाईको अन्त्य नजीक छ भनी जानेर, पावलले तीस वर्षभन्दा बढीको सारंश निकाले :

२ तिमोथी ४:६-७ किनभने, म त बलिको रुपमा अर्पण हुन लागेको छु, र मेरो बिदाइको बेला आएको छ । (७) **मैले उत्तम लड़ाइँ लडेको छु । मैले विश्वासलाई बाचइराखेको छु ।**

- "असल लड़ाई लड्न" र "विश्वासलाई राख्न" निश्चित रुपमा सँगसँगै जाँदछ ।

प्रेरित पावलको उनका युवा चेलाहरुलाई सल्लाह :
१ तिमोथी ६:१२ **विश्वासको उत्तम लड़ाइँ लड़** । अनन्त जीवन पक्रिराख । यसैमा तिमीलाई बोलावट भएको थियो, जब तिमीले धेरै साक्षीहरुका उपस्थितिमा तिम्रा विश्वासको असल साक्षी दिएका थियौ ।

- हाम्रो आत्माको शत्रुले सक्नेजति सबै गर्नेछ हाम्रो **विश्वासलाई** पातलो पार्न र **कम्जोर** बनाउँन । त्यसले हाम्रो दिमागमा शंका र अविश्वास पैदा गर्दछ । यो निश्चित रुपमा हाम्रो विश्वासलाई जोगाउँन र हुर्काउनको लागि लड़ाई हो । हामीले पावलले तिमोथीलाई दिएको सल्लाह हाम्रो व्यक्तिगत जीवनमा लिनुपर्छ, र विश्वासको लागि असल लड़ाई लड्नुपर्छ ।

पावलले उनको 'विश्वासको लड़ाईमा' धेरै कष्ट सहेका थिए ।

- पावलले परमेश्वरले महान् र शक्तिशाली कामहरु गर्नुभएका देखेका थिए : शहर हल्लाईएका, मृत्युबाट जिउठाईएका मानिस, धेरै अन्धकारबाट बचाईएका र नयाँ मण्डलीहरु स्थापना गरिएका ।

- तर पावलले केही खराब समय पनि अनुभव गरे :
  - ढुङ्गाले हानिएको र मर्नलाई छोहिएको । प्रेरित १४:१९-२० परमेश्वर कहाँ हुनुहुन्थ्यो ?
  - व्यक्तिहरुद्वारा उत्पीडित : १ तिमोथी १:१८-२०; २ तिमोथी ४:१४
  - उनका विश्वासका केही परिक्षाहरुको सूची : २ कोरन्थी ११:२३-३३

यो विश्वासको लड़ाई हो ।

अयूबका विश्वासको महान् परिक्षा
अयूब १:६-१६ एक दिन स्वर्गीय दूतहरु परमप्रभुको सामुन्ने उपस्थित हुँदा शैतान पनि तिनीहरुसँग आयो । (७) परमप्रभुले शैतानलाई सोध्नुभयो "त कहाँबाट आइस्?" (८) तब परमप्रभुले शैतानलाई सोध्नुभयो, "के तैंले मेरो दास अयूबलाई याद गरिस् ? **परमेश्वरको डर राख्ने** र **दुष्ट कामबाट अलग रहने त्यो जस्तो निर्दोष र सोझो मानिस पृथ्वीमा अरु कोही छैन** । (९) शैतानले यसो भनेर जवाफ दियो......(१०) के **तिनलाई, तिनका घराना** र तिनका **सबै धन-सम्पत्तिलाई** तपाईले चारैतिरबाट बार

हालेर रक्षा गर्नुभएको छैन ? **तिनका सबै काममा तपाईले आशिष् दिनुभएको छ, अनि तिनका गाईवस्तुहरु देशभरि अनगन्ती बढ़ेका छन्** ।

- भजनसंग्रह १:१-३

(११) तर आफ्नो हात पसारेर तिनका सबै चीजहरुमाथि प्रहार गर्नुहोस्, र **तिनले** तपाईलाई तपाईकै मुखको सामुन्ने **सराप्नेछन्** ।

- शैतान वा दुष्टलाई परमेश्वरको अनुमति विना अयूबलाई छुने अनुमति थिएन ।
- १ यूहन्ना ५:१८ परमेश्वरबाट उत्पन्न भएको कसैले पनि पाप गरिरहँदैन, तर परमेश्वरका पुत्रले त्यसलाई सुरक्षित राख्नुहुन्छ, र **दुष्टले त्यसलाई छुँदैन** ।

(१२) तब परमप्रभुले शैतानलाई भन्नुभयो,"लौ त, **त्यस कहाँ जे-जति छन्,** सबै तेरै हातमा भयो । **केवल अयूबको शरीरलाई चाहिँ नछो** ।" तब शैतान परमप्रभुको उपस्थितिबाट निस्केर गयो ।

- शैतानले त्यहीमात्र गर्न सक्छ जो परमेश्वरले उहाँका छोराछोरीहरुलाई गर्न स्वीकृत दिनुहुन्छ ।

- **परमेश्वरले अयूबको विश्वासको महान् परिक्षा लिन स्वीकृत दिनुभयो ।**

अयूब १:१३-२२
एक दिन अयूबका छोराछोरीहरु आफ्ना जेठा दाजुको घरमा खानपिन गर्दैथिए ।

- अयूबले सबै गाईवस्तुहरु र नोकरहरु गुमाए । पद.१४-१७

- अयूबका सन्तानहरु र उनीहरुका साथीहरु सबै मारिए । पद. १८-१९

    - यो स्पष्ट छैन,तर मेरो विश्वासमा शैतानले अयूबको सन्तानहरुलाई पापद्वारा मात्र आक्रमण गर्न सक्थ्यो किनकि त्यसले आधिकारिक अधिकार दिँदछ । यो एउटा असल समापन हो किनभने : अयूब १:५ भोज दिने क्रम सिद्धिएपछि अयूबले आफ्ना छोराछोरीहरुलाई बोलाएर शुद्ध बनाउने गर्थे । तिनी बिहान सबेरै उठी तिनीहरु प्रत्येकको निम्ति यो विचारले एउटा-एउटा होमबलि चढ़ाउथे,"सायद मेरा छोराछोरीले पाप गरे होलान् र परमेश्वरलाई आफ्ना हृदयमा सरापे होलान् ।" अयूबले सधैं यसै गर्थे ।

यी सम्पूर्ण भयानक समाचार सुनेपछि : पद.२० यो सुनेर अयूब उठे, र तिनले आफ्नो लुगा च्याते । तिनले आफ्नो कपाल खौरे, (२१) र भूँइमा घोप्टो परेर **दण्डवत्** गरी भने,"म आफ्नी आमाको गर्भबाट नाङ्गै आए, अनि म नाङ्गै फर्केर जानेछु । **परमप्रभुले दिनुभयो** अनि **परमप्रभुले लानुभयो**, परमप्रभुको नाउँ धन्यको होस् ।"(२२) **यी सबै कुरामा अयूबले परमेश्वरलाई गलत कामको दोष लगाएर पाप गरेनन्** ।

- अयूबले हामी सबैलाई उदाहरण हुने र प्रोत्साहन दिने तरिकाले विश्वासको परिक्षामा सफल भए ।
- **तरैपनि, परिक्षा सिद्धिएको थिएन** :

अयूब २:२-१० अनि परमप्रभुले शैतानलाई भन्नुभयो,......"के तैंले मेरो दास अयूबलाई याद गरिस् ?" परमेश्वरसँग डर राख्ने र दुष्ट कामबाट अलग रहने त्योजस्तो निर्दोष र सोझो मानिस पृथ्वीमा अरु कोही छैन । **विनाकारण त्यसलाई नाश गर्न**लाई तैंले मलाई उस्काइस् । **तर त्यसको निष्ठा अझसम्म ढलपल भएको छैन** ।(४) शैतानले परमप्रभुलाई जवाफ दियो,"चामको साटो चाम । आफ्नो ज्यान बचाउन मानिसले आफूसँग भएका सबै कुरा दिँदैन र ? (५) आफ्नो हात पसारेर तिनको शरीरमा चोट पुऱ्याउँनुहोस् अनि तिनले तपाईको मुखकै सामुन्ने तपाईलाई सराप्नेछन् ।" (६) तब परमप्रभुले शैतानलाई भन्नुभयो,"लौ त, त्यसो भए त्यो तेरो हातमा छ । तर त्यसको ज्यानचाहिँ छोड़िदे ।"
(७) तब शैतान परमप्रभुको सामुन्नेबाट निस्क्यो । त्यसले अयूबको पैतलादेखि टाउकोसम्म कष्टप्रद खटिरा उब्जाइदियो ।

- फेरि यो देखिन्छ कि केही तकलीफहरु हाम्रो शत्रुहरुबाट हाम्रो कारणले वा परमेश्वरको इच्छाले हुँदछ ।

(९) तिनकी पत्नीले तिनलाई भनिन्,"के तपाई आफ्नो निष्ठामा अझै अड़ी नै रहनुहुन्छ ? परमेश्वरलाई सराप्नुहोस् र मर्नुहोस् ।"(१०) अयूबले जवाफ दिए,"तिमी एक मुर्ख आइमाईजस्तै कुरा गर्दछयौं । **परमेश्वरबाट हामीले सुखचाहिँ ग्रहण गर्ने र दुःख ग्रहण नगर्ने** ?"यी सबै आफूले बोलेको कुरामा **अयूबले पाप गरेनन्** ।

यो प्रश्न प्राय सोधिन्छ,"किन असल मानिसलाई खराब कुरा हुँदछ ?" अयूब निश्चित रुपमा असल व्यक्ति थिए ।

- हामीले सधैँ थाहा पाउँदैनौं वा बुझ्दैनौं **किन** ।
- त्यो **कसरी** अन्त्य हुन्छ हामीले सधैँ थाहा पाउँदैनौं वा बुझ्दैनौं ।
- तर हामीलाई यो थाहा छ कि कसले सबै थोक चलाउनु हुन्छ । र को हाम्रो पिता हुनुहुन्छ । र कसले हामीलाई महान् प्रेम गर्नुहुन्छ कि हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो । (रोमी ५:८)

हिब्रु ११:१३ **प्रतिज्ञा गरिएको कुरा प्राप्त नगरी यिनीहरु सबै विश्वासैमा मरे**,(यो परमेश्वरको इच्छामा होइन । के यो हामी कोहीले मागे अनुसारको चङ्गाई नपाएर हो, परमेश्वरको योजना महान् छ ?) तर टाढ़ैबाट त्यसलाई देखेर **स्वागत** गरी तिनीहरुले **मानिलिए**, कि तिनीहरु यस **पृथ्वीमा परदेशी र प्रवासी थिए** । (उनीहरुसँग अझैं पनि महान् विश्वास थियो ।) (१४) यस्ता कुरा भन्ने मानिसहरुले **आफ्नो निम्ति एउटा देश खोजिरहेका छन्** भन्ने **कुरा प्रष्ट हुन्छ** । (१६)तर **तिनीहरु अझ उत्तम देश**, अर्थात् एक स्वर्गीय देशको **इच्छा गर्छन्** । यसैकारण परमेश्वर तिनीहरुका परमेश्वर भनी पुकारिनु शर्माउनुहुन्न, किनकि उहाँले तिनीहरुका निम्ति एउटा सहर तयार पारिदिनुभएको छ ।

पावलले भने झैँ : किनकि मेरो निम्ति जीउनु ख्रीष्ट हो र **मर्नु लाभ हो** । यदि शरीरमा नै जिउनु हो भने मेरो निम्ति त्यो फलदायी परिश्रम हुनेछ । तर पनि मैले कुनचाहिँ चुन्नुपर्ने हो, त्यो म **भन्न सक्दिनँ** । म त दोधारमा परेको छु । बरु **बिदा भएर ख्रिष्टको साथमा हुने** इच्छा छ, किनभने यो **धेरै नै असल छ** । फिलिप्पी १:२१-२३

सायद : शद्रक, मेशक, र अबेद्नगोले राजालाई जवाफ दिए,"हे नबूकदनेसर, यससम्बन्धमा हजूरको अगि हाम्रो आफ्नै पक्षमा भन्नुपर्ने आवश्यकता केही छैन । हे महाराजा, यदि **हामीहरु दन्किरहेको आगोको भट्टीमा फालियौं भने**, हामीले सेवा गरेका परमेश्वरले हामीलाई यसबाट बचाउ सक्नुहुनेछ र हजूरको हातबाट छुटकारा दिनुहुनेछ । **तर हामीलाई उहाँले यसो नगर्नुभए तापनि**, हे महाराजा, हजूरका देवताहरुको सेवा गर्नेछैनौं न त हजूरले स्थापना गर्नुभएको सुनको मुर्तिलाई दण्डवत् गर्नेछौं भनी हजूरलाई थाहा होस् भन्ने हामी चाहन्छौं ।" दानिएल ३:१६-१८

१ पत्रुस ४:१२-१३ प्रिय हो, तिमीहरुलाई **पारख गर्ने** अग्निमय परीक्षा **तिमीहरुमाथि आइपर्दा** केही अनौठो कुरा भएजस्तै तिमीहरु **छक्क नपर** । (१३) तर ख्रीष्टका कष्ट भोगमा सहभागी हुँदा **रमाओ**, ताकि उहाँको महिमा प्रकट हुँदा **तिमीहरु पनि आनन्दित र हर्षित हुन सक** ।

याकूब १:१२ **त्यो मानिस धन्यको हो,जो आपत्-विपत्मा स्थिर रहन्छ**, किनकि जाँचको सामना गरिसकेपछि त्यसले **जीवनको त्यो मुकुट पाउँनेछ**, जो परमेश्वरले उहाँलाई प्रेम गर्नेहरुलाई दिने प्रतिज्ञा गर्नुभएको छ ।

हाम्रो प्रभु येशुले पनि उहाँको विश्वासको महान् परिक्षा भोग्नुपर्‍यो ।
लुका २२:४१-४५ उहाँ तिनीहरुबाट प्रायः तीस मिटर पर गएर घुँडा टेकी प्रार्थना गर्नुभयो, (४२) **"हे पिता, तपाईको इच्छा भए, यो कचौरा मबाट हटाइदिनुहोस् । तर मेरो इच्छा होइन, तपाईकै इच्छा पूरा होस् ।"**(४३) तब स्वर्गबाट एउटा दूत उहाँलाई बल दिन उहाँकहाँ देखा परे । (४४) **अत्यन्त सङ्कष्टमा परेर आग्रहपूर्वक उहाँ प्रार्थना गर्न लाग्नुभयो, र उहाँको पसिना रगतका ठूला-ठूला थोप्ला**जस्तै जमिनमा खसिरहेका थिए ।
लुका २३:३३ जब तिनीहरु खप्परे भन्ने ठाउँमा आए, तब त्यहाँ **तिनीहरुले उहाँलाई क्रूसमा टाँगे**, र ती अपराधीहरुमध्ये एक जनालाई दाहिनेपट्टि र अर्कोलाई देब्रेपट्टि क्रूसमा टाँगे ।

हिब्रू १२:३ पापीहरुबाट उहाँको विरुद्धमा भएका यतिका विवादहरु सहनुहुनेलाई विचार गर, र तिमीहरु शिथिल नहोओ, अनिहरेस नखाओ ।

एफिसी ६:१०-११ अब अन्त्यमा, प्रभुमा र उहाँका शक्तिको सामर्थ्यमा बलवान् हाओ । (११) दियाबलसका युक्तिहरुका विरुद्धमा **खड़ा हुन** सक्नलाई परमेश्वरका सारा हातहतियार धारण गर । (१२) किनकि हामीहरुको युद्ध शरीर र रगतको विरुद्ध होइन, तर प्रधानताहरुका विरुद्धमा, शक्तिहरुका विरुद्ध, वर्तमान अन्धकारका सांसारि शासकहरुका विरुद्ध र स्वर्गीय स्थानहरुमा भएका दुष्टयाइँका आत्मिक सेनाहरुका विरुद्ध हो । (१३) यसैकारण परमेश्वरका सारा हातहतियार उठाओ, र यस खराब दिनको सामना गर्न सक, र सबै काम गरेर खड़ा हुन सक्ने होओ । (१४) यसकारण आफ्ना कम्मर **सत्य**ले कसेर, **धार्मिकता**को छाती-पाता लाएर **खड़ा होओ**, (१५) र खुट्टामा मिलापको **सुसमाचार**का जुत्ता लाएर तयार होओ । (१६) साथै **विशवासको ढाल उठाओ**, जसबाट तिमीहरु दुष्टका सबै अग्निबाण निभाउन सक्नेछौ ।(१७) **मुक्ति**को टोपलगाओ, र **पवित्र आत्माको तरवार लेओ**, जोचाहिँ परमेश्वरको वचन हो ।

१ पत्रुस १:४-९ आखिर समयमा प्रकट हुन आँटेका मुक्तिको निम्ति तिमीहरु **विश्वासद्वारा** परमेश्वरको शक्तिबाट सुरक्षित राखिएका छौ । (६) तिमीहरु **यसैमा रमाउँछौ**, यद्यपि अहिले थोरै समयको निम्ति तिमीहरुले **विभिनन किसिमका कष्ट भोग्नुपर्दछ** । (७) आगोबाट खारिने तर नष्ट भएर जाने सुनभन्दा पनि तिमीहरुको विश्वास मूल्यवान् छ । तिमीहरुको यो **विश्वास साँचो प्रमाणित होस्**, र येशू ख्रीष्ट प्रकट हुनुहुँदा **प्रशंसा, महिमार आदरको योग्य बनोस्** । (८) तिमीहरुले नदेखे तापनि उहाँलाई प्रेम गर्छौ । उहाँलाई तिमीहरु अहिले देख्दैनौं, तापनि उहाँमाथि विश्वास गर्छौ र अवर्णनीय र गौरवमय आनन्दमा रमाउँछौ । (९) तिमीहरुका विश्वासको प्रतिफलस्वरुप तिमीहरुले आफ्ना आत्माको मुक्ति पाउँछौ ।

हिब्रु १२:१-३ यसकारण यतिका साक्षीहरुको ठूलो बादलले हामीलाई घेरिराखेको हुनाले, हरकिसिमका बोझा र हामीलाई सजिलैसित अल्झाउने पापलाई पन्छाएर हाम्रा सामुन्ने राखिदिएको दौड **धैर्यसाथ दौडौं** । (२) हाम्रा विश्वास **सुरु गर्नुहुने र पूरा गर्नुहुने येशूलाई हेरौं**, जसले उहाँको सामुन्ने राखिदिएका आनन्दको निम्ति अपमानलाई केही जस्तो नठानी क्रूसको कष्ट भोग्नुभयो, र परमेश्वरको सिंहासनको दाहिनेपट्टि विराजमान हुनुहुन्छ । (३) पापीहरुबाट उहाँको विरुद्धमा भएका यतिका विवादहरु **सहनुहुनेलाई** विचार गर, र **तिमीहरु शिथिल नहोओ, अनि हरेस नखाओ ।**

---

स्वीकृतीहरु : मास्टर आउटलाइन र नोटस् कम्पाइल्ड बाई बारिङ्गटनबाट लिएको ।